राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १४७ २०८२ पुस १४ गते सोमवार (29 Dec. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## ११ महिनामा त्रिभुवन विमानस्थलबाट ७८ लाख यात्रु




दैनिक समाचारदाता

काठमाडौं, १३ पुस । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ११ महिना (जनवरी-नोभेम्बर २०२५) को अवधिमा ७८ लाख १७ हजार ३ सय ४९ यात्रुले सेवा लिएका छन्। नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार तीमध्ये अन्तर्राष्ट्रिय उडानतर्फ ४० लाख ९८ हजार ५ सय ४९ र आन्तरिक उडानतर्फ ३७ लाख १८ हजार ८ सय यात्रुले सेवा लिएका हुन्।
प्राधिकरणको तथ्यांकअनुसार सो अवधिमा काठमाडौं विमानस्थलबाट २० लाख ९४ हजार ८ सय ७७ यात्रु विदेश प्रस्थान गरेका छन् भने विदेशबाट २० लाख ३ हजार ६ सय ७२ यात्रु नेपाल आएका छन्।
आन्तरिकतर्फ ११ महिनामा १९ लाख ३६ हजार ४ सय २६ यात्रुले काठमाडौं छाडेका छन्। अन्य आन्तरिक विमानस्थलबाट काठमाडौं अवतरण गर्ने यात्रुको संख्या १७ लाख ८२ हजार ३ सय ७४ रहेको छ।
नोभेम्बरसम्म काठमाडौंमा अन्तर्राष्ट्रिय उडानका जहाज १४ हजार १ सय २५ पटक अवतरण भएका छन् भने १४ हजार १ सय २६ पटक उडान भरेका छन्। आन्तरिक उडानतर्फ ४२ हजार २ सय ६४ पटक जहाज अवतरण भएका छन् भने ४२ हजार २ सय ७८ पटक उडान भएको प्राधिकरणको तथ्यांक छ।
कार्गो ढुवानीतर्फ अन्तर्राष्ट्रिय उडानबाट कुल २ करोड २५ लाख १० हजार २ सय २२ किलो सामान ओसारपसार भएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नेपालका प्रमुख अन्तर्राष्ट्रिय हवाई व्यापारिक बिन्दुमध्ये एक हो। आन्तरिकतर्फ भने यस विमानस्थलबाट कुल ३० लाख ३० हजार ८ सय ८ किलो सामान ओसारपसार भएको छ।
सन् २०२४ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले रेकर्ड संख्यामा यात्रु व्यवस्थापन गरेको थियो। सो वर्ष कुल ९४ लाख २३ हजार ७ सय २५ यात्रुले सेवा लिएका थिए। सन् २०२३ मा भने ८६ लाख ५४ हजार यात्रु व्यवस्थापन गरिएको प्राधिकरणको तथ्यांक छ।
प्राधिकरणका अनुसार त्रिभुवन विमानस्थलको वार्षिक क्षमता करिब ८० लाख यात्रु मात्र हो। हाल भने क्षमताभन्दा बढी यात्रु व्यवस्थापन गर्नुपरेको छ।
यात्रु चाप काठमाडौंमै केन्द्रित हुँदा अन्य दुई अन्तर्राष्ट्रिय विमानस्थलमा भने अपेक्षित उडान र यात्रु चाप देखिएको छैन। भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलले ११ महिनामा कुल १३ हजार ४ सय ३२ अन्तर्राष्ट्रिय यात्रुलाई सेवा दिएको छ। तीमध्ये ७ हजार १ सय ७ यात्रु प्रस्थान गरेका छन् भने ६ हजार ३ सय २५ यात्रु आगमन भएका छन्।
यस विमानस्थलमा आन्तरिकतर्फ ३ लाख ४१ हजार ४ सय ६३ यात्रु आगमन भएका छन् भने ३ लाख ३३ हजार ८ सय ७१ यात्रु प्रस्थान गरेका छन्।
पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको हकमा आन्तरिक तथा बाह्य यात्रु संख्या एकैसाथ गणना गरिएको छ। पोखराले ११ महिनामा कुल ७ लाख ९८ हजार ७ सय ९१ यात्रुलाई सेवा दिएको छ। तीमध्ये ३ लाख ८३ हजार ७ सय ५७ यात्रु आगमन भएका छन् भने ४ लाख १५ हजार ३४ यात्रु प्रस्थान गरेका छन्।


## मजदुरीको पसिनाबाट चिकित्सक बन्ने सपना



जनकपुरधाम १३ पुस । सिरहाको बरियारपट्टी गाउँपालिका-२ का सत्यनारायण साफीलाई यतिबेला बधाई थाप्न भ्याइनभ्याइ छ । एमबीबीएस अध्ययनका लागि पूर्ण छात्रवृत्तिमा नाम निकालेपछि उनलाई बधाई दिनेको ओइरो लागेको हो ।
फुसको झुपडीबाट सुरु भएको संघर्ष, निरन्तर मेहनत र अटुट लगनले विपन्न दलित परिवारका सत्यनारायण एमबीबीएस अध्ययनका लागि पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएका हुन् । यससँगै चिकित्सक बन्ने उनको दीर्घकालीन सपना साकार हुने बाटो खुलेको छ । 'मिहिनेत गर्दै गयो भने एक दिन अवश्य सफलता मिल्छ भन्ने विश्वास थियो । अब चिकित्सक बन्ने मेरो सपना साकार हुने सम्भावना बढेको छ,' मजदुरीसँगै अध्ययन गर्दै आएका सत्यनारायणले भने ।
चिकित्सा शिक्षा आयोगले १५ कात्तिकमा लिएको एमबीबीएस प्रवेश परीक्षामा उनले पूर्ण छात्रवृत्तिमा नाम निकालेका हुन् । सम्पत्तिका नाममा करिब साढे चार धुर जग्गामा फुसको घर मात्र रहेको उनको परिवार अत्यन्तै विपन्न छ । २१ वर्षीय सत्यनारायण बुबा मधुरी साफी र आमा सुनिता साफीका पाँच सन्तानमध्ये जेठा छोरा हुन् । छोराले एमबीबीएस पढ्न पूर्ण छात्रवृत्तिमा नाम निकालेपछि बुबा मधुरी र आमा सुनिताको अनुहार खुसीले उज्यालिएको छ । घरमा बधाई दिन आउने पाहुना र सामाजिक सञ्जालमा भइरहेको चर्चा उनीहरूलाई सपनाजस्तै लागिरहेको छ । 'छोराले डाक्टर बन्न नाम निकाल्यो । हामी धेरै खुसी छौँ । उसले मजदुरीसँगै धेरै मिहिनेत गरेको छ,' आमा सुनिता खुसी व्यक्त गर्छिन् ।
सत्यनारायणले २०७७ सालमा बरियारपट्टी गाउँपालिका-स्थित जनता माध्यमिक (प्राविधिक) विद्यालयबाट ३.९५ जीपीए ल्याएर कक्षा १० उत्तीर्ण गरेका थिए । घरको कमजोर आर्थिक अवस्थाका कारण बुबा मधुरी साफी वैदेशिक रोजगारीमा जान बाध्य भएका थिए । बुबा विदेशमा रहँदा आएको कमाइले नै परिवार चल्थ्यो ।
चिकित्सक बन्ने सपना बोकेर सत्यनारायण प्लस-टु अध्ययनका लागि विराटनगर पुगे । अरनिको कलेजबाट विज्ञान विषय लिएर उनले २०७९ मा कक्षा १२ उत्तीर्ण गरे । प्लस-टु सकेपछि चिकित्सक बन्ने उनको अठोट झनै बलियो बन्यो । तर कमजोर आर्थिक अवस्थाका कारण छात्रवृत्तिमै नाम निकाल्ने संकल्प गरे । कक्षा १२ पढ्दासम्म बुबा विदेशबाट फर्किसकेका थिए । त्यसपछि सत्यनारायण एमबीबीएस प्रवेश परीक्षाको तयारीका लागि काठमाडौं पुगे । बुबा मधुरी घर चलाउन र छोराको पढाइ खर्च जुटाउन गाउँमै मजदुरी गर्न थाले । तर आम्दानी अपुग भएपछि घर चलाउन र पढाइ खर्च धान्न गाह्रो हुन थाल्यो ।
काठमाडौंमा बस्न र पढ्न कठिन भएपछि सत्यनारायण डेढ महिनामै गाउँ फर्किन बाध्य भए । बुबालाई जनमजदुरीमा सघाउँदै घरको आर्थिक अवस्था सम्हाल्न उनले पनि मजदुरी गर्न थाले । दिउँसो मजदुरी र साँझ-राति पढाइ नै उनको दैनिकी बन्यो । मजदुरीबाट जोगिएको पैसाले किताब किनेर उनले नियमित रूपमा राति ६-७ घण्टा अध्ययन जारी राखे ।
'काठमाडौं गएको डेढ महिना

बाकी ४पृष्ठमा


## अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

## भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं ।

- मौलिक संस्कृतिको रक्षा गरौं ।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं ।
- मातृभाषाको सम्मान गरौं ।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं ।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं ।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं ।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं ।
- आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# स्थिरताको खोजी कि अर्को प्रयोग?

नेपालको राजनीति पछिल्ला वर्षहरूमा स्थायित्वभन्दा बढी अस्थिरतासँग परिचित हुँदै गएको छ। सरकार गठन र विघटनको क्रम, दलहरूबीचको सत्ता-केन्द्रित रस्साकस्सी र नीति तथा प्राथमिकतामा निरन्तरताको अभावले जनतामा गहिरो निराशा पैदा गरेको छ। यही पृष्ठभूमिमा जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले शासकीय स्वरूप परिवर्तनको बहसलाई पुनः राष्ट्रिय बहसको केन्द्रमा ल्याएका छन्। वर्तमान संसदीय व्यवस्थाले मुलुकलाई स्थिरता दिन नसकेको र यसकै कारण देश विकासको गतिमा अघि बढ्न नसकेको उनको दाबी केवल राजनीतिक अभिव्यक्ति मात्र नभई पछिल्ला वर्षहरूको यथार्थ चित्रण पनि हो।

पछिल्लो एक दशकमा १४ पटक सरकार परिवर्तन हुनु सामान्य राजनीतिक घटना होइन, यो प्रणालीगत कमजोरीको संकेत हो। जनताले दिएको जनादेश संसदमा अंकगणितको खेलमा सीमित हुँदा सरकार टिकाइराख्नु नै मुख्य उद्देश्य बन्न पुगेको छ। नीति, कार्यक्रम र दीर्घकालीन विकास योजनाहरू सत्ता जोगाउने रणनीतिमा हराइरहेका छन्। यस्तो अवस्थामा समस्या नेतृत्वमा मात्र हो कि संरचनामै भन्ने प्रश्न उठ्नु स्वाभाविक छ। उपेन्द्र यादवले उठाएको शासकीय स्वरूप परिवर्तनको बहस यही प्रश्नको उत्तर खोज्ने प्रयासका रूपमा देखिन्छ।

संसदीय प्रणाली विश्वका धेरै देशमा सफल भए पनि यसको सफलता राजनीतिक संस्कार, संस्थागत मजबुती र दलहरूको जिम्मेवार व्यवहारमा निर्भर हुन्छ। नेपालको अभ्यासमा भने संसदीय व्यवस्था अस्थायी गठबन्धन, स्वार्थकेन्द्रित सहमति र बार्गेनिङको अखडा बन्दै गएको आरोप लाग्दै आएको छ। प्रधानमन्त्री संसदबाट चयन हुने र सधैं अविश्वासको छायामा रहनुपर्ने अवस्थाले सरकारलाई दीर्घकालीन सोचभन्दा तत्कालीन सत्ता गणितमा केन्द्रित बनाएको छ। यसकै परिणामस्वरूप विकास योजनाहरू अधुरै रहने र जनअपेक्षा पूरा नहुने अवस्था दोहोरिँदै आएको छ।

अध्यक्ष यादवले प्रस्ताव गरेको प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीले सरकारलाई स्थायित्व दिने, नेतृत्वलाई जनताप्रति प्रत्यक्ष उत्तरदायी बनाउने र निर्णय प्रक्रियालाई प्रभावकारी बनाउने तर्क राख्छ। जनताबाट सिधै निर्वाचित राष्ट्रपतिलाई निश्चित कार्यकाल प्राप्त हुने भएकाले संसदको संख्यात्मक उतारचढावले सरकार ढल्ने सम्भावना कम हुने विश्वास गरिन्छ। यसले नीति निरन्तरता र विकास योजनाको कार्यान्वयनमा सहयोग पुग्न सक्ने तर्क पनि कमजोर छैन। तर यस्तो प्रणाली पूर्ण समाधान हो भनेर मान्नु अघि गम्भीर सोच आवश्यक छ। कार्यकारी शक्ति अत्यधिक केन्द्रित हुँदा निरंकुशताको जोखिम बढ्ने, संसद कमजोर बन्ने र शक्ति सन्तुलन बिग्रने खतरा पनि उत्तिकै रहन्छ। त्यसैले शासकीय स्वरूप परिवर्तनको बहस केवल स्थायित्वको चाहनामा सीमित हुनु हुँदैन, यसले लोकतान्त्रिक नियन्त्रण, पारदर्शिता र जवाफदेहिता कसरी सुनिश्चित गर्छ भन्ने प्रश्नको स्पष्ट उत्तर दिनुपर्छ।

यादवले उठाएको अर्को महत्वपूर्ण पक्ष भनेको नेपालको अत्यन्त महँगो निर्वाचन प्रणाली हो। गरिब मुलुकमा महँगो निर्वाचन हुनु केवल आर्थिक समस्या होइन, यो लोकतन्त्रको गुणस्तरसँग जोडिएको गम्भीर प्रश्न हो। चुनाव जित्न अत्यधिक खर्च गर्नुपर्ने अवस्थाले इमानदार र साधारण नागरिकलाई राजनीतिबाट बाहिर धकेलेको छ। राजनीति धन र पहुँच भएकाहरूको खेलमैदान बन्दै जाँदा भ्रष्टाचार संस्थागत हुँदै गएको छ। चुनावमा गरिएको खर्च सत्ता प्राप्तिपछि असुल्ने प्रवृत्तिले सुशासनलाई कमजोर बनाएको छ भन्ने यथार्थलाई अस्वीकार गर्न सकिँदैन। शासकीय स्वरूप र निर्वाचन प्रणाली दुवैको सुधार बिना केवल आवधिक निर्वाचनले मात्र जनताका समस्या समाधान हुन्छ भन्ने सोच आफैंमा अपूर्ण देखिन्छ। संविधान संशोधन जस्तो संवेदनशील विषयमा हतारो निर्णय होइन, गम्भीर राष्ट्रिय बहस, विज्ञहरूको सुझाव र व्यापक राजनीतिक सहमति आवश्यक हुन्छ। एक दल वा व्यक्तिको प्रस्तावलाई अन्धाधुन्ध अस्वीकार वा स्वीकार गर्नु दुवै लोकतान्त्रिक सोच होइन। उपेन्द्र यादवको अभिव्यक्तिले कम्तीमा एउटा सकारात्मक संकेत भने दिएको छ– वर्तमान व्यवस्थामा सबै ठीक छ भन्ने आत्मसन्तुष्ट राजनीतिक मानसिकतालाई चुनौती दिइएको छ। जनताले अब भाषण होइन, परिणाम चाहेका छन्। त्यो परिणाम अभ्यास सुधारबाट आउँछ कि संरचना परिवर्तनबाट, वा दुवैको संयोजनबाट–यो खुला बहसको विषय हो। तर स्पष्ट कुरा के हो भने स्थिरता, सुशासन र विकासको खोजी अब टार्न नसकिने राष्ट्रिय आवश्यकता बनिसकेको छ। यही आवश्यकतालाई केन्द्रमा राखेर शासकीय स्वरूप र निर्वाचन प्रणालीबारे गम्भीर, जिम्मेवार र दीर्घकालीन सोच अघि बढ्नुपर्ने समय आएको छ।

# नयाँ वर्ष : भविष्यको सपना कि विगतको पुनरावलोकन ?



कैलास दास

अग्रेजी क्यालेन्डरअनुसार नयाँ वर्षको आगमनसँगै समाजमा उत्सव, मनोरञ्जन र उमङ्गको वातावरण सिर्जना भइसकेको छ। वर्ष परिवर्तनलाई जीवनको नयाँ मोडका रूपमा बुझ्ने मानवीय प्रवृत्तिअनुसार युवादेखि वृद्धसम्म, विभिन्न वर्ग, समुदाय र संघ( संस्थामा आबद्ध व्यक्तिहरू एक साताअघिदेखि नै पिकनिक स्थलको छनोटमा जुट्छन्। स्वादिष्ट भोजन, मिष्ठान्न, संगीत र रमाइलोका कार्यक्रममार्फत "आउने वर्ष यसैगरी सुखमय बितोस" भन्ने आकांक्षा व्यक्त गरिन्छ। पिकनिक अर्थात् वनभोजन नयाँ वर्षलाई मनोरञ्जनात्मक रूपले स्वागत गर्ने एउटा सामाजिक संस्कारजस्तै बनिसकेको छ।



तर नयाँ वर्ष केवल खानपिन, रमाइलो र क्षणिक हर्षको विषय मात्र हो त ? कि यो आत्मसमीक्षा, सामाजिक मूल्याङ्कन र भावी दिशानिर्देशनको अवसर पनि हो ? यही प्रश्न आजको सन्दर्भमा अत्यन्तै गम्भीर बनेर उभिएको छ।

नेपालमा परम्परागत रूपमा नयाँ वर्ष विक्रम संवत् अनुसार वैशाख १ गते मनाइन्छ। त्यो दिन कृषिप्रधान समाजमा नयाँ चक्रको सुरुवात, ऋतु परिवर्तन र जीवन पुनर्जागरणको प्रतीक मानिन्थ्यो। तर पछिल्ला वर्षहरूमा हेर्दा वैशाख १ भन्दा अंग्रेजी जनवरी १ ले नेपाली समाजमा बढी उत्साह र आकर्षण पाएको देखिन्छ। यो केवल क्यालेन्डर परिवर्तनको विषय होइन; यो विश्वव्यापी राजनीतिक, आर्थिक र सांस्कृतिक प्रभावको प्रतिफल हो। विश्वमा हुने राजनीतिक स्थिरता, आर्थिक उतारचढाव, युद्ध, शान्ति, समृद्धि वा संकटको प्रत्यक्ष प्रभाव नेपालजस्तो निर्भर अर्थतन्त्र र संवेदनशील समाजमा पर्न जान्छ। यही कारणले जनवरीको नयाँ वर्ष नेपाली जनजीवनसँग अझ गहिरो रूपमा गाँसिन पुगेको छ।

नयाँ वर्षको उत्सवमा प्रकृतिसँग नजिकिने, खुला आकाशमुनि रमाउने, जीवनको तनाव केही क्षणका लागि बिर्सने मानवीय चाहना स्वाभाविक हो। तर समस्या त्यतिबेला सुरु हुन्छ, जब नयाँ वर्ष केवल बाहिरी उत्सवमा सीमित रहन्छ र भित्री आत्ममन्थन ओझेलमा पर्छ। मानवीय जीवनमा भविष्यप्रतिको चिन्ता स्वाभाविक रूपमा बढी हुन्छ, तर भविष्यको सपना देख्दा भूत र वर्तमानको समीक्षा नगर्ने हो भने त्यो सपना कल्पनामै सीमित हुन्छ।

हाम्रो जीवन केवल भविष्यको आशामा अडिएको छैन; त्यो भूतकालका अनुभव, वर्तमानका निर्णय र तिनको परिणामको समष्टि हो। राजनीतिक क्षेत्र होस् वा शिक्षा, स्वास्थ्य, रोजगारी, उद्योग, प्राकृतिक संरक्षण वा सामाजिक न्याय, हरेक क्षेत्रमा हाम्रो वर्तमान अवस्था विगतका निर्णय र कार्यहरूको परिणाम हो। विगतमा गरिएका गल्ती, बेवास्ता, असफलता र अन्यायलाई स्वीकार नगरी, तिनको समीक्षा नगरी, केवल "आउँदो वर्ष राम्रो होस" भन्ने कामनाले मात्र भविष्य उज्यालो हुँदैन।

समृद्धि कुनै आकस्मिक उपहार होइन; त्यो दीर्घकालीन सोच, इमानदार नेतृत्व, संस्थागत सुधार र नागरिक चेतनाबाट जन्मिन्छ। विगतका त्रुटिहरू सच्याउने साहस नगरेसम्म, आफ्नो कमजोरी स्वीकार नगरेसम्म, व्यक्तिगत तथा सामूहिक रूपमा आत्मसुधार नगरेसम्म अस्थिरता समाप्त हुँदैन, न त शान्ति र सुव्यवस्थाको अनुभूति हुन्छ।

अग्रेजी नयाँ वर्षमा केवल नाचगान र भोजभतेर गरेर रमाउनु पर्याप्त छैन। गएको वर्ष विश्व र देशमा के(के भयो, किन भयो, त्यसबाट हामीले के सिक्यौँ भन्ने प्रश्नको उत्तर खोज्नु अझ महत्वपूर्ण छ। आउने वर्षलाई कसरी राम्रो बनाउन सकिन्छ भन्ने योजनाबद्ध सोच बिना नयाँ वर्ष केवल मिति परिवर्तनमा सीमित हुन्छ।

नेपालको सन्दर्भमा सन् २०२५ ले अकल्पनीय र पीडादायी घटनाहरूको शृङ्खला बोकेर आयो। राजनीतिक अस्थिरता अझै टुंगिएको छैन। सरकारप्रति जनआक्रोश घट्नुको सट्टा झन् गहिरिँदै गएको छ। उद्योग(कलकारखाना बन्द हुने क्रम रोकिएको छैन, रोजगारीका अवसर खुम्चिँदै गएका छन्, महँगीले जनजीवन कष्टकर बन्दै गएको छ। विदेश पलायन बाध्यता बनेको छ, र देशभित्र रहेका बेरोजगार युवा आक्रोश र निराशाबीच अल्झिएका छन्। सरकार, राजनीतिक दल र जनताबीच हुनुपर्ने विश्वास र सद्भाव कमजोर हुँदै गएको छ। नागरिकले राज्यबाट सुरक्षा, सम्मान र भविष्यप्रतिको स्पष्ट दिशा महसुस गर्न सकेका छैनन्। यस्तो अवस्थामा नयाँ वर्ष केवल उत्सवको बहानामा बिताउनु भनेको यथार्थबाट पलायन गर्नु हो।

आज आवश्यक छ, विगतको गहिरो समीक्षा। किन राजनीतिक अस्थिरता दोहोरिइरहन्छ ? किन जनताको भरोसा नेतृत्वप्रति कमजोर हुँदै गएको छ ? किन नीति र व्यवहारबीच यति ठूलो दूरी छ ? यी प्रश्नहरूको इमानदार उत्तर खोज्नु नै नयाँ वर्षको साँचो स्वागत हो। नयाँ वर्षले हामीलाई फेरि एकपटक सोच्ने मौका दिन्छ। हामी कस्तो समाज चाहन्छौँ ? कस्तो राज्य निर्माण गर्न चाहन्छौँ ? र त्यसका लागि व्यक्तिगत रूपमा, सामूहिक रूपमा हामीले के त्याग र के परिवर्तन गर्न तयार छौँ ? जबसम्म नयाँ वर्षलाई आत्मसमीक्षा, सुधार र पुनर्निर्माणको अवसरका रूपमा लिइँदैन, तबसम्म हर्षोल्लास क्षणिक हुनेछ र निराशा दीर्घकालीन।

अन्ततः नयाँ वर्ष केवल पात्रोमा थपिएको अर्को मिति होइन; यो चेतनामा थपिनुपर्ने नयाँ दृष्टिकोण हो। उत्सव आवश्यक छ, तर उत्सवसँगै उत्तरदायित्व पनि आवश्यक छ। रमाइलोसँगै गम्भीरता पनि चाहिन्छ। यदि हामीले नयाँ वर्षलाई आत्मसमीक्षा र योजनाबद्ध परिवर्तनको आधार बनायौँ भने मात्र शान्ति, सुव्यवस्था र अमनचयनको सपना यथार्थमा बदलिन सक्छ। यही नै नयाँ वर्षको सार्थक अर्थ हो।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# स्न्याक्सको संसार : भोक, बानी र बजार



भुनेको मूंगफली, चिप्स, मिठाइ, चकलेट, चामलका क्र्याकर, बम्बे मिक्स, कुकीज, डोनट्स, केक–मीठा हुन् वा नुनिला, संसारभर अनेकौं प्रकारका स्न्याक्स छन्। हजारौं वर्षदेखि मानिसले स्न्याक्स



खाँदै आएका छन्, तर आजको समयमा यो एउटा विशाल उद्योगको रूपमा विकास भइसकेको छ, जसको वार्षिक मूल्य लाखौं करोडभन्दा बढी पुगेको छ। अहिले त धेरै मानिसले दिन वा रातको नियमित भोजनभन्दा बढी क्यालोरी स्न्याक्सबाटै लिने गरेका छन्।

तर यो उद्योग यति ठूलो बन्नुमा केवल हाम्रो भोक वा समयको अभाव मात्र जिम्मेवार छैन। खाद्य उत्पादन गर्ने कम्पनीहरूको चतुर मार्केटिङले पनि हाम्रो दैनिक आहारमा स्न्याक्सलाई गहिरोसँग भित्र्याउन महत्वपूर्ण भूमिका खेलेको छ।

क्याम्ब्रिज इङ्लिस डिक्सनरीका अनुसार स्न्याक भनेको “दुई भोजनको बीचमा खाने थोरै खाना वा अत्यन्त सानो भोजन” हो। अर्थात् स्न्याक अनिवार्य रूपमा जंक फुड वा प्याकेटमा आउने कम पोषणयुक्त खाना नै हुनुपर्छ भन्ने होइन। ब्रिटिश खाद्य इतिहासकार तथा लेखिका डा. एनी ग्रे भन्छिन्, आजको समयमा हामी स्न्याकलाई नकारात्मक रूपमा हेर्ने गर्छौं। उनका अनुसार, “स्न्याक फुड भन्नासाथ हामी सजिलै टिपेर खाने र भोजनको बीचमा खाइने कुरालाई बुझ्छौं, जससँग अक्सर एक प्रकारको अपराधबोध जोडिएको हुन्छ।”





डा. ग्रे बताउँछिन् कि स्न्याक खाने चलन कुनै नयाँ कुरा होइन, यो अत्यन्तै पुरानो बानी हो। हजारौं वर्षअघि मानिसहरूले मेवा, जामुन र फलफूललाई स्न्याकका रूपमा खाइरहेका थिए। आधुनिक स्न्याकमध्ये सबैभन्दा पुरानो पपकर्न मानिन्छ। पुरातत्वविद्हरूले दक्षिण अमेरिकाका गुफाहरूमा करिब ७ हजार वर्ष पुराना फुलेका मकैका दाना फेला पारेका छन्। इतिहासमा धेरै मानिससँग बसेर पूरा भोजन गर्ने समय नहुँदा भोक लाग्नेबित्तिकै केही न केही खाने चलन थियो।

मानव इतिहासको अधिकांश समय स्न्याकिङ सामान्य व्यवहार भए पनि यसलाई “भोजनको बीचको खाना” का रूपमा बुझ्न थालिएको समय भने पछिल्लो हो। डा. ग्रेका अनुसार ‘स्न्याक’ शब्दको प्रयोग प्रारम्भिक आधुनिक युगमा सुरु भयो, जसको अर्थ कुनै चीजको सानो अंश भन्ने हुन्थ्यो। यसमा बाँड्ने भाव पनि जोडिएको थियो–खाना मात्र होइन, पैसाको अंश वा नाफाको अंश पनि ‘स्न्याक’ हुन सक्थ्यो।

समयक्रममा यो शब्द छिटो खाने सन्दर्भसँग जोडियो। खेतमा काम गर्ने मजदुरले “मलाई भोक लाग्यो, म केकको एउटा टुक्रा खाइदिन्छु” भन्न सक्थ्यो। अठारौं शताब्दीको मध्यतिर आइपुग्दा ‘स्न्याक’ शब्द औपचारिक भोजनबाट अलग, छिटो खाने खानाका रूपमा स्थापित भयो। यही समयमा स्यान्डविचजस्तो ठूलो स्न्याकको जन्म भयो। सन् १७६२ मा कार्ड खेल्दै गर्दा ‘फोर्थ अर्ल अफ स्यान्डविच’ जोन मोन्टेग्यूलाई भोक लागेपछि खेल नछोडीकन दुई वटा ब्रेडबीच मासु राखेर ल्याउन आदेश दिए, र त्यहीँबाट स्यान्डविचको सुरुआत भएको मानिन्छ।

औद्योगिक युगको प्रारम्भमा अमेरिकामा स्न्याक बनाउने कम्पनीहरूले कारखानामा काम गर्ने मजदुरलाई लक्षित गरे। कारखानाको गेटअगाडि साना स्न्याक बारहरू खुले, जहाँ अयस्टर, अचार र स्यान्डविच बिक्री हुन्थे। उन्नाइसौँ शताब्दीमा पपकर्न लोकप्रिय भयो। सन् १९१० मा पहिलोपटक चिप्स व्यावसायिक रूपमा उत्पादन हुन थाले। दोस्रो विश्वयुद्धपछि खाद्य प्रशोधन र प्याकेजिङमा ठूलो प्रगति भयो। आम्दानी बढ्दै जाँदा स्न्याक्स घर-घर पुग्न थाले।

आज स्न्याक बजार झन् विशाल बनेको छ। प्याकेटभित्र नाइट्रोजन ग्यास भर्ने जस्ता प्रविधिले चिप्स सुरक्षित राख्न मद्दत गर्‍यो, जसले ठूलो स्तरमा उत्पादन सम्भव बनायो। सन् १९७९ मा पॉल पोलम्यान प्रोक्टर एन्ड ग्याम्बलमा आबद्ध हुँदा साधारण चिप्स स्न्याक उद्योगको प्रमुख हिस्सा बनिसकेको थियो। पोलम्यान अहिले स्न्याक उद्योगलाई ‘सैनिक अभियान’ सँग तुलना गर्छन्–जहाँ सफलता जति छिटो आउँछ, असफलता पनि त्यत्तिकै छिटो आउन सक्छ।

स्न्याक्सको खपत निरन्तर बढिरहेको छ। बीबीसी वर्ल्ड सर्भिसले विश्वभरका मानिससँग भोक लाग्दा के खान्छन् भनेर सोध्दा फरक-फरक उत्तर पाए। अर्जेन्टिनामा चिपा लोकप्रिय छ, भारतमा समोसा, नाइजेरियामा फिस रोल र मडिगा, थाइल्यान्डमा कुरकुरा स्न्याक्स र चकलेट। परम्परागत घरमै बनेका स्न्याक्स हुँदै प्याकेटका रेडी-टु-इट खानासम्म, स्न्याक्स मानिसको जीवनशैलीको अभिन्न हिस्सा बनिसकेका छन्।

मार्केट रिसर्च कम्पनी सर्कानाका अनुसार अमेरिकामा करिब आधा वयस्कले दैनिक तीन वा सोभन्दा बढी स्न्याक्स खान्छन्। पॉल पोलम्यानका अनुसार अहिले स्न्याक उद्योगको बजार मूल्य १.२ देखि १.५ ट्रिलियन डलरसम्म पुगेको छ, र सन् २०३५ सम्म यो उद्योग दोब्बर हुने अपेक्षा गरिएको छ। बीबीसी

# स्मान हादीको हत्याका मुख्य अभियुक्त भारत भागेको ढाका प्रहरीको दाबी

एजेन्सी

ढाका । इन्कलाब मञ्चका संयोजक उस्मान हादीको हत्याका दुई मुख्य अभियुक्त मयमन सिंहको हलुआघाट



सीमा हुँदै भारत भागेको दाबी ढाका महानगरीय प्रहरीले गरेको छ ।

बीबीसी बंगलाका अनुसार अभियुक्त फैसल करीम मसूद र आलमगीर शेखले भारत पुगेपछि पहिले उत्तरपूर्वी राज्य मेघालयमा शरण लिएको प्रहरीले बताएको छ ।

ढाका महानगरीय प्रहरीका अतिरिक्त आयुक्त एसएन मोहम्मद नजरुल इस्लामले आइतबार पत्रकार सम्मेलनमा यो कुराको जानकारी दिएका हुन् । यसअघि प्रहरी अधिकारीहरूले यस घटनाका मुख्य अभियुक्त कहाँ छन् भन्नेबारे ठोस जानकारी नभएको दाबी गरेका थिए ।

प्रहरी अधिकारीहरूले पत्रकार सम्मेलनमा भने, ’उस्मान हादीको हत्या पूर्वनियोजित थियो । यस घटनामा आक्रमणकारीहरूलाई भारत भाग्न मद्दत गर्नेहरू सहित कुल ११ जनालाई पक्राउ गरिएको छ । यीमध्ये छ जनाले आफ्नो अपराध स्वीकार गरेका छन् ।’

प्रहरीले आगामी सातदेखि १० दिनभित्र यस मुद्दामा आरोपपत्र दायर गरिने बताएको छ । ढाका प्रहरीका अतिरिक्त आयुक्त इस्लामले भने, ’घटनास्थलमा उपस्थित व्यक्तिहरूबाट प्राप्त जानकारी, सीसीटीभी फुटेजको विश्लेषण र प्रविधिको आधारमा, फैसल करीम मसूद र उनका मोटरसाइकल चालक आलमगीर शेखलाई घटनाको दिन पहिचान गरिएको थियो ।’

करीम मसुदका बुबा हुमायुन कबीर, आमा हसी बेगम, श्रीमती शाहिदा परवीन सामिया, भिनाजु वाहिद अहमद सिपु, प्रेमिका मारिया अख्तर लिमा, मोहम्मद कबीर र हादीलाई गोली हानेर मार्ने नुरउजमान नोमानीसहित ११ जनालाई पक्राउ गरिएको बताइएको छ ।

# मजदुरीको.............

मात्र भएको थियो । बुबाले घर चलाउन मुस्किल भएको भन्नुभयो । त्यसपछि म गाउँ फर्केर बिल्डिङ बनाउने काममा मजदुरी गर्न थालेँ । कामबाट फर्किएपछि रातिराति ६-७ घण्टा पढ्न थालेँ,’ सत्यनारायण सुनाउँछन् ।

कठिन परिस्थितिका बाबजुद उनले चिकित्सक बन्ने सपना कहिल्यै त्यागेनन् । २०८१ सालमा दिएको एमबीबीएस प्रवेश परीक्षामा पहिलोपटक नाम ननिस्किए पनि उनी निराश भएनन् । निरन्तर मेहनत, धैर्य र आत्मविश्वासको फलस्वरूप दोस्रो प्रयासमै उनले पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भए ।

‘पहिलो पटक नाम ननिस्किए पनि हिम्मत हारिनँ । दोस्रो पटक बल्ल पूर्ण छात्रवृत्तिमै नाम निस्कियो,’ उनी भन्छन् ।

पूर्ण छात्रवृत्तिमा नाम निस्किएपछि परिवारमा खुसियाली छाएको छ । तर एमबीबीएस अध्ययन पूरा गर्न आवश्यक अतिरिक्त खर्चका कारण परिवारको चिन्ता भने अझै हटेको छैन । होस्टेल, खानपान, यातायात र अध्ययन सामग्रीका लागि खर्च आवश्यक पर्ने सत्यनारायण बताउँछन् । उनका अनुसार पाँच वर्षे अध्ययन अवधिमा करिब १५ लाख रुपैयाँ खर्च लाग्ने अनुमान छ ।

आमा-बुबाले ८० हजार रुपैयाँ सरसापट जुटाएपछि सत्यनारायण पुस ८ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङमा भर्ना भएका छन् । कलेज भर्ना र प्रारम्भिक प्रक्रियामै करिब ६४ हजार ५ सय रुपैयाँ खर्च भइसकेको छ ।

उनको सफलतापछि आर्थिक सहयोगका लागि चौतर्फी आश्वासन भने आउन थालेका छन् । केही स्थानबाट सहयोगसमेत जुटेको छ । सामाजिक अभियन्ता आशिका तामाङले घरमै पुगेर सम्मानसहित एक लाख रुपैयाँ सहयोग गरेकी थिइन् । छिटफुट रूपमा अन्य सहयोग पनि प्राप्त भएको सत्यनारायणले बताए । बरियारपट्टी गाउँपालिका अध्यक्ष सन्तोषकुमार महतोले पनि घरमै पुगेर बधाई तथा सम्मान गर्दै पालिकाबाट पढाइका लागि आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

घरको कमजोर आर्थिक अवस्थाका कारण उनकी १३ वर्षीया बहिनी सञ्जिलाले हालसम्म पढ्न पाएकी छैनन् । सत्यनारायणले एसईई उत्तीर्ण गरेको जनता माध्यमिक ( प्राविधिक) विद्यालयमै कान्छी बहिनी मञ्जिला कक्षा ५ मा र भाइ रितेश कक्षा ३ मा अध्ययनरत छन् । जेठी बहिनीको विवाह भइसकेको छ ।

‘बुबा अहिले पनि गाउँमै खेती-किसानी गर्नुहुन्छ । सम्पत्तिका नाममा घरबाहेक केही छैन,’ सत्यनारायण भन्छन् । पढाइ निरन्तरता दिन आर्थिक सहयोग आवश्यक भएकाले उनले सबै पक्षसँग सहयोगको अपिल गरेका छन् ।

## खालिदा जियाको अवस्था गम्भीर




एजेन्सी
ढाका। बङ्गलादेश राष्ट्रवादी पार्टी (बीएनपी) की अध्यक्ष खालिदा जियाको स्वास्थ्य अवस्था गम्भीर रहेको खबर आएको छ। बीबीसी बङ्गलाका अनुसार उनको मेडिकल टोलीका सदस्य तथा पार्टी स्थायी समितिका सदस्य एजेडएम जाहिद हुसेनले खालिदा जियाको अवस्था नाजुक रहेको बताएका हुन्। उनले शनिबार राति ११ : ३० बजे अस्पताल अगाडि आयोजित पत्रकार सम्मेलनमा उक्त बयान दिएका हुन्।
'बेगम खालिदा जियालाई नजिकबाट निगरानीमा राखिएको छ। बीएनपीका कार्यवाहक अध्यक्ष तारिक रहमानले देशवासीहरूलाई आफ्नी आमाको लागि प्रार्थना गर्न अनुरोध गरेका छन्' ब्रीफिङको केही घण्टापछि आइतबार बिहान ६ : ३० बजे, बीएनपी मिडिया सेलले एक पोस्टमा एजेडएम जाहिद हुसेनलाई उद्धृत गर्दै भनेको छ।
यसअघि तारिक रहमान र उनकी श्रीमती जुबैदा रहमान आइतबार राति ९ : ३० बजेपछि खालिदा जियालाई भेट्न अस्पताल गएका थिए। उनीहरू लगभग दुई घण्टा त्यहाँ बसेका थिए।

# कांग्रेसले समानुपातिक सूची सोमबार आयोगमा बुझाउने

दैनिक समाचारदाता
काठमाडौं १३ पुस। नेपाली कांग्रेसले आगामी प्रतिनिधिसभा सदस्यका लागि समानुपातिक सूचि सोमवार निर्वाचन आयोगमा बुझाउने भएको छ।
आइतबार सानेपामा सञ्चारकर्मीहरुसँग कुरा गर्दै पार्टीका प्रवक्ता डा. प्रकाशशरण महतले यसबारे जानकारी गराएका हुन्। केन्द्रीय कार्यसमितिको बैठकमा सात प्रदेशकै केन्द्रीय कार्य सम्पादन समितिमा रहेका नेताहरुसँग छलफल भइरहेको र अब सूची तयार गरेर सोमबारसम्म आयोगलाई बुझाउने बताए। समानुपातिक सूचीबाट १ सय १० जना सांसदहरु चयन हुने भएकाले समानुपातिक सूची तयार पार्नु पनि महत्वपूर्ण काम भएको बताए। उनले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति र रास्वपामा प्रवेश गरेका काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह दाग नलागेको व्यक्ति नभएको बताए।

## स्रोत नखुलेको ६ लाख नगदसहित एक जना पक्राउ

दैनिक समाचारदाता
काठमाडौं १३ पुस। मोरङको विराटनगरबाट स्रोत नखुलेको ६ लाख रुपैयाँसहित एक जना पक्राउ परेका छन्।
पक्राउ पर्नेमा विराटनगर महानगरपालिका-६ बस्ने ४९ वर्षीय अरबिन्द्र अग्रवाल रहेका छन्। विराटनगर महानगरपालिका-१५ स्थित सुनसरी ट्रेडिङ सेन्टर अगाडि सडकबाट उनलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।





भारततर्फबाट आउँदै गरेको प्रदेश नम्बर १-०४-००१ च ०७६४ नम्बरको कार चेक गर्ने क्रममा स्रोत नखुलेको उक्त रकम बरामद भएको प्रहरीले जनाएको छ।

# जेनजी आन्दोलनमा फरार मध्ये करिब १० हजार कैदीबन्दी पक्राउ

दैनिक समाचारदाता
काठमाडौं १३ पुस। जेनजी आन्दोलनमा कारागारबाट फरार भएका मध्ये करिब १० हजार कैदीबन्दीहरू पक्राउ परेका छन्।
आन्दोलनको क्रममा कारागारमा तोडफोड र आगजनी गरेर फरार भएका १४ हजार ५४० मध्ये ९ हजार ९६० कैदीबन्दीलाई पक्राउ गरेर पुनः कारागारमा ल्याइएको छ।
अझै पनि ४ हजार ५८० कैदीबन्दीहरू भने कारागार बाहिरै छन्। फरार कैदीबन्दी खोज्न विशेष अपरेशन सुरु गरिएको नेपाल प्रहरीले बताएको छ।
फरार मध्ये केही विदेशी कैदीबन्दीहरू छन्। धेरैजसो भारतका रहेकाले उनीहरू फरार भएर भारत पुगिसकेको आशंका गरिएको छ। केही कैदीबन्दीहरू भने लुकिछिपी बसेकाले उनीहरूलाई पक्राउ गर्न विशेष अभियान चलाइएको छ।
फरार कैदीबन्दीहरू विदेश नभाग्नका लागि उनीहरूलाई अध्यागमन विभागले कालोसूचीमा समेत राखेको छ।

## निर्वाचन आचारसंहिता : दलका दुई मुख्य प्रचारकले मात्रै हेलिकप्टर प्रयोग गर्न पाउने




दैनिक समाचारदाता
काठमाडौं, १३ पुस। निर्वाचन आयोगले फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि आचारसंहिता स्वीकृत गरेको छ। शनिबार बसेको आयोगको बैठकले आचारसंहिता स्वीकृत गरेको हो।
आचारसंहितामा राजनीतिक दलले चुनावमा कस्ता सवारी, कति प्रयोग गर्न पाउने भन्ने पनि उल्लेख छ। यसअनुसार हेलिकप्टर प्रयोग गरेर प्रचारमा जानुपर्ने अवस्था छ भने राजनीतिक दलले आयोगमा पहिल्यै विवरण बुझाउनुपर्ने उल्लेख छ।
'राजनीतिक दलले प्रचारप्रसारको लागि आफ्नो तर्फबाट दुईजना मुख्य प्रचारकको नाम आयोगमा बुझाउनुपर्ने र आयोगले अनुमति दिएका मुख्य प्रचारकले मात्र हेलिकोप्टर सेवा प्रयोग गर्न सक्ने' आचारसंहितामा भनिएको छ। त्यस्तै हेलिकप्टर प्रयोग गर्दा आयोगले निर्धारण गरेको समानुपातिक निर्वाचन प्रणालीबमोजिम बन्दसूचीका उम्मेदवारको स्ख्याका आधारमा दलले गर्न पाउने खर्चको सीमाभित्रै रहेर गर्नुपर्ने पनि उल्लेख छ।
आचारसंहितामा एक उम्मेदवारले प्रचारप्रचारमा दुईभन्दा बढी गाडी प्रयोग गर्न नपाउने उल्लेख गरिएको छ। 'निर्वाचन अधिकृतको अनुमति लिई उमेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उमेदवार भएको स्थानमा आयोगले तोकेबमोजिम बढीमा दुईवटा दुईपांग्रे वा तीनपांग्रे वा चारपांग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने सवारीसाधन र त्यस्ता सवारीसाधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने,' आचारसंहितामा उल्लेख छ।
त्यस्तै दल, उम्मेदवार र पार्टीका नेता कार्यकर्ताले विदेशी नम्बरप्लेटको सवारी प्रयोग गर्न नपाउने पनि आचारसंहितामा भनिएको छ। आचारसंहितामा एक दल वा उम्मेदवारको नाममा अनुमति लिएको सवारी अर्को दल वा उम्मेदवारले प्रयोग गर्न पनि नपाइने उल्लेख छ।

## सजिलो बचत तथा ऋण सहकारी संस्था

भानुचौकदेखि कदम चौक जानेबाटोमा, जनकपुरधाम

### वार्षिक साधारणसभा बारे आवश्यक सूचना

यस संस्थाको यहि मिति २०८२ पौष २६ गते शनिवारका दिन १२ औं वार्षिक साधारण सभा हुने भएको छ। सो साधाण सभाबाट केही महत्वपूर्ण निर्णयहरु हुने छ। तसर्थ सो साधारण सभामा सम्पूर्ण शेयर सदस्य महानुभाव ज्यूहरु, शेयर धनीहरु लगायतलाई निम्त समय र स्थानमा उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

**आवश्यक बुँदाहरु**

१. ११औं वार्षिक साधारण सभाका निर्णयहरू समीक्षा गर्ने सम्बन्धमा।
२. आ.व. ०८१/०८२ मा सञ्चालक, लेखा तथा उपसमितिहरूले गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा
३. आ.व. ०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा।
४. आ.व. ०८१/०८२ का विभिन्न समिति, उप(समितिहरूका प्रतिवेदन सम्बन्धमा।
५. आ.व. ०८२/०८३ को प्रस्तावित वार्षिक नीति, कार्ययोजना तथा बजेट पारित गर्ने सम्बन्धमा।
६. आ.व. ०८२/०८३ को लेखा परीक्षणका लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
७. सञ्चालक तथा लेखा समितिको निर्वाचन सम्बन्धमा।
८. शेयर लाभांश तथा संरक्षित पुँजी फिर्ता कोषको रकम सम्बन्धमा।
९. विनियम संशोधन तथा सेवा केन्द्र सम्बन्धमा।
१०. संस्थाको नीति, कार्यविधि, एवं निर्देशिका परिमार्जन तथा पारित गर्ने सम्बन्धमा।
११. कार्य क्षेत्र भित्रका सहकारी संस्था एकीकरण हुन आएमा एकीकरण गर्ने सम्बन्धमा।
१२. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा।
१३. कोपोमिस, सम्पत्ति शुद्धीकरण कार्यविधि र सोको कार्यान्वयन सम्बन्धमा।
१४. खर्च अनुमोदन तथा ब्याज हर्जाना छुट सम्बन्धमा।
१५. अख्तियारी प्रत्यायोजन सम्बन्धमा।
१६. विविध।

*स्थान : जिल्ला समन्वय समितिको सभा हल, जनकपुरधाम*
*समय : दिनको १०:३० बजे*



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

**रामेश्वरम सर्जिकल उद्योग**
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४